कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

५MRQ+७C६ Kohalpur

प.सं.:२०८३/०८४

कृषि शाखा

च.नं.:

---

आईपिएम कृषक पाठशाला संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

(सूचना प्रकाशित मितिः २०८३/०६/१२)

कोहलपुर नगरपालिका कृषि विकास शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत आईपिएम कृषक पाठशाला कृषक समुह मार्फत संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक कृषक समुहहरुले सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०६/१८ गते भित्र आवश्यक कागजात सहित कोहलपुर नगरपालिका कृषि विकाश शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिनमा प्रस्ताव पेश गर्नुपर्ने छ।

संलग्न गर्नुपर्ने कागजातहरु

१ आवेदन

२ कृषक समुहको दर्ता प्रमाण पत्र (नविकरण भएको हुनुपर्ने), पान दर्ता प्रमाण पत्र र गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।

३ आईपिएम पाठशाला संचालन गरिने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ( यदि जग्गा भाडामा लिइएको भए कम्तिमा ५ वर्ष अवधीको करारनामा पत्र) ।

४ आधिकारिक व्यक्तिको नागरिकता प्रमाण पत्र वा परिचय खुल्ने कागजातको प्रतिलिपी।

५ कृषक समुहको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी।

६ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

नोटः- आर्थिक विकास समितिको निर्णयानुसार वडा नं. ८ र ९ मा संचालनमा रहेका कृषक समुहले मात्र आवेदन पेश गर्नुपर्नेछ।

थप जानकारीको लागि :- कृषि विकास शाखा, सम्पर्क नं. ९८५७८३२०८३,९८६६२०३२४५,९८४८३९०५०८

मान बहादुर गिरी

प्रमुख प्रशासकिय अधिकृत